का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० साउन २०८२,
मंगलबार
5 August, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १८४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# साना दलमा ठूला लफडा



पार्टीमा नेतृत्वले एकलौटी गर्न थालेपछि हामीले विधानबमोजिम काम गर्न दबाबस्वरूप छुट्टै भेला गरेका हौं, पार्टी फुटाउने भन्ने अवस्था अहिले आएको छैन ।

● **धवलशमशेर राणा**
**महामन्त्री, राप्रपा**

अध्यक्षप्रति सार्वजनिक रूपमा टीकाटिप्पणी गर्नुभन्दा आन्तरिक असमझदारीलाई आन्तरिक छलफलबाटै निकास निकाल्न र पार्टीका नीति कार्यक्रम जनतामाझ पुऱ्याउन लाग्नुपर्छ ।

● **मेटमणि चौधरी**
**उपमहासचिव**
**नेकपा एस**

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १९ साउन ।

राष्ट्रिय राजनीतिमा कम प्रभाव राख्ने तर संसदीय अंकगणितमा महत्व राख्ने साना राजनीतिक दलभित्र तनावपूर्ण अवस्थाको भयानक दृश्य देखिएको छ । पछिल्लो समययता संसदको तेस्रो ठुलो दल माओवादी केन्द्र पार्टीभित्रको विवादले चरमरूप लिँदै गर्दा अन्य साना दलको अवस्था पनि माओवादीको भन्दा ठुलो देखिएको हो ।

राजासहितको हिन्दूराज्य अभियान बोकेर हिँडेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)देखि नेकपा एमाले विभाजनबाट बनेको नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति र जनता समाजवादीमा आन्तरिक लफडाले चरमरूप लिएको छ ।

पृष्ठ २ मा

माओवादीमा अध्यक्ष प्रचण्ड र उपमहासचिव जनार्दनबीच एकअर्काप्रति आत्मालोचनाको माग

राप्रपामा अध्यक्ष राजेन्द्र लिङ्देनविरुद्ध संस्थापन इतर समूहको मोर्चाबन्दी

नेकपा एसमा अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालबीच राजीनामा मागामागको शृंखला

नाउपामा रेशम चौधरीले पत्नी रञ्जिता श्रेष्ठलाई अध्यक्षबाट हटाएर बाबु लालवीरलाई अध्यक्ष बनाएपछि रञ्जिता उक्त निर्णयविरुद्ध अदालत जाने तयारी

रास्वपामा बाहिर नदेखिने तर आन्तरिक विवादका कारण पार्टीका नियमित गतिविधि प्रभावित

जनमतका अध्यक्ष डा. सिके राउतले पार्टीका शीर्ष नेताहरूलाई कारबाही गरी आफ्नै दाइ र नजिककालाई नियुक्त गरेपछि पार्टी विभाजनउन्मुख

# न्यायाधीश नियुक्तिमा सधैं राजनीति

न्यायाधीश नियुक्ति प्रक्रियालाई वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारिता, निष्पक्षता, पेसागत निष्ठा तथा नैतिक आचरणसमेतलाई आधार बनाउनुपर्नेमा जोड दिइएको छ ।



आफूहरूका माग बेवास्ता गरी न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाइए विरोधका कठोर कार्यक्रम निर्धारण गरी अगाडि बढ्ने बेहोरा सादर अवगत गराउँछौं ।

**केदारप्रसाद कोइराला**
**महासचिव**
**नेपाल बार एसोसिएसन**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १९ साउन ।

न्यायाधीश नियुक्तिको विषयलाई लिएर नेपाल बार एसोसिएसनले न्याय परिषद्को ध्यानाकर्षण गरेको छ ।

न्यायपालिकाको साख र गरिमा अभिवृद्धि गर्न न्यायाधीश नियुक्ति प्रक्रिया स्वच्छ पारदर्शी र निष्पक्ष हुनुपर्छ । तर, न्यायाधीश नियुक्ति र सोपानमा विभेद गरेको भन्दै एसोसिएसनले प्रेस विज्ञप्ति नै निकालेर सरकारको ध्यानाकर्षण गरेको हो ।

स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका लोकतन्त्रको आधारस्तम्भ हो । यस निम्ति न्यायाधीश नियुक्तिमा राजनीतिक आस्थाले अर्थ राख्नुहुँदैन । विधि र पद्धति पनि मिचिनुहुँदैन ।

'तर पछिल्लो समय न्याय परिषद्ले गरेको न्याय परिषद् नियमावली, २०७४ को प्रथम संशोधनले न्यायाधीश नियुक्ति र सोपानमा विभेद गरेको छ,' एसोसिएसनको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सो नियमवाली संविधानविपरीत रहेको दाबी गर्दै एसोसिएसनले खारेज गर्नुपर्ने बताएको छ । न्याय परिषद्ले पद



रिक्त हुनुभन्दा एक महिनाअगावै न्यायाधीश पदमा सिफारिस गर्नुपर्ने प्रावधान छ । न्यायाधीश नियुक्तिलाई समानुपातिक, समावेशी बनाउनुपर्ने सवैधानिक बाध्यता छ । यसलाई आफ्नो

पृष्ठ २ मा

naimanepal.org

NAIMA NEPAL mobility Expo' 2025
Nepal's Largest Auto Expo
AUGUST 06th to 10th, 2025 | SHRAWAN 21st to 25th, 2082
BHRIKUTI MANDAP, KATHMANDU

50+ BRANDS UNDER ONE ROOF
2 Wheeler | 3 Wheeler | 4 Wheeler
35 New Vehicle Launches
Improved Overall Experience Guaranteed

POWERED BY: Everest Bank, National Insurance (Trusted Since 1906)
ORGANIZED BY: NAIMA
MANAGED BY: mediaspace
TICKETING PARTNER: khalti by IME | BEVERAGE PARTNER: Mountain Dew | BREWING PARTNER: Himalayan Java | RIDE PARTNER: pathao | SURVEILLANCE PARTNER: HIKVISION | CONNECTIVITY PARTNER: WorldLink
HOSPITALITY PARTNER: The Soaltee Hotels & Resorts | MEDICAL PARTNER: Frontline Hospital | TELECOM PARTNER: Ncell Business | FIRE & SAFETY PARTNER: hilco

**वैदेशिक रोजगार विशेष**

# घरेलु कामदारको श्रम स्वीकृति खुलाउन दबाब

**काठमाडौं / रासस–** महिला अधिकारकर्मीहरूले महिलालाई घरेलु कामदारका रुपमा विदेश जानका लागि वैधानिक बाटो खुलाउन सुझाव दिएका छन् । उनीहरूले विद्यमान कानुनी व्यवस्थामा भिटिज भिसा तथा अवैधानिक रूपमा महिलाहरू घरेलु कामदारमा गइरहेकाले त्यसलाई व्यवस्थित गरेर कानुनी बाटो खुलाउनुपर्नेमा जोड दिएका हुन् ।

महिला पुन:स्थापना केन्द्र (ओरेक)द्वारा सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारका लागि सुझाव दिएको छ ।

कार्यक्रममा केन्द्रले घरेलु कामदारका रूपमा वैदेशिक रोजगारका सिलसिलामा मृत्यु हुने महिला र उनीहरूका परिवारको अवस्थाबारे अध्ययन प्रतिवेदन 'जीवन र मृत्युमा अदृश्य' सार्वजनिक गर्दै महिला श्रमिकका लागि सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारको सुझाव दिएको हो ।

केन्द्रका कार्यक्रम व्यवस्थापक सुलोचना खनालले विशेषत खाडी मुलुकहरूमा घरेलु कामदार पठाउन लगाइएको प्रतिबन्ध खुलाउन सुझाव दिइन् । प्रतिबन्धले महिलालाई अनियमित मार्गहरूमा धकेल्ने जसले गर्दा शोषण र दुर्व्यवहारको जोखिम बढेको यस अध्ययनले देखाएको उनले बताइन् ।

केन्द्रले सिन्धुपाल्चोक, झापा, दाङ, सुर्खेत र कर्णाली जिल्लाका मृतकका १५ घटना र हराएका दुई नेपाली महिला आप्रवासी कामदारका परिवारसँग गरिएका कुराकानीका आधारमा प्रतिवेदन तयारी गरेको जनाएको छ ।

'आप्रवासीको मृत्युहरूलाई दुर्घटना भनेर सामान्यीकरण गर्ने होइन । यसलाई नीति र प्रणालीगत असफलताको परिणाम भनेर

पृष्ठ २ मा

## कोरियन भाषा परीक्षाका लागि आवेदन माग, कोटा ५ हजार ३ सय

**काठमाडौं / मस–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत सन् २०२५ मा ५ हजार ३ सय कामदार लैजाने भएको छ । ईपीएस ग्वार्को शाखाले सोमबार सन् २०२५ मा कृषि र उद्योग क्षेत्रका लागि ५ हजार ३ सय जना नेपाली कामदार लैजाने गरी कोटा निर्धारण गरिएको बताएको छ ।

कृषिअन्तर्गत ३५ सय र उद्योग क्षेत्रमा १८ सय कोटा तोकिएको छ । एक जनाले एक क्षेत्रमा मात्र फारम भर्न पाउनेछन् । परीक्षाका लागि यसै महिनाको २६ गतेदेखि ३१ गतेसम्म फारम भर्न पाइने सूचनामा उल्लेख छ । परीक्षा तालिका भने केही समयपछि मात्रै सार्वजनिक गर्ने ईपीएस ग्वार्कोले जनाएको छ ।

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
पब्लिक रिलेशन अफिसर- ५ (पुरुष/महिला)
कम्तिमा मेनपावर क्षेत्रमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
Attractive Salary
९८२३४८६६८१, ९८१९७७९८६७ | hr@mobhiraservices.com
मोबिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेज प्रा. लि.
चक्रपथ, काठमाण्डौं, नेपाल, फोन नं. : ०१-४३७८८४२, ४३७८९३६

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicant.
Public Relation Officer (PRO) - 4 Male/ 4 Female
Salary Negotiable
Requirements:-
Minimum 3 to 4 Years Experienced in Related Fields.
Should be able to Handle Malaysia and Saudi Foreign Employment.
Send Your CV at info@kalinchokhr.com.np
KALINCHOK H. R. PVT. LTD. Lic No. 1406/074/075
Interview : Near Zesta Complex, Samakushi Chowk, Kathmandu, Nepal
Contact Us at 01- 4980649, 9701167567, 9869035521

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२० साउन २०८२ मंगलबार
5 August 2025, Tuesday

# कक्षा १२ मा ६१ दशमलव १७ प्रतिशत विद्यार्थी उत्तीर्ण

**काठमाडौं /मस**–राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा प्रकाशित गरेको छ । सोमबार साँझ प्रकाशित नतिजाअनुसार नियमिततर्फ ६१ दशमलव १७ र आंशिकतर्फ ३६ दशमलव ४९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

गत वैशाख २१ गतेदेखि सञ्चालन गरिएको परीक्षामा नियमिततर्फ तीन लाख ९६ हजार ३४७ परीक्षार्थी सहभागी भएकामा दुई लाख ४२ हजार ७६५ विद्यार्थीले ग्रेड प्राप्त गरेका छन् । यसमा ३८ दशमलव ८३ विद्यार्थीले 'ननग्रेड' प्राप्त गरेका बोर्डले जनाएको छ ।

यस्तै, आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी सहभागी भएकामा ४१ हजार ८४० ले ग्रेड प्राप्त गरेका छन् । समग्रमा कुल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीमध्ये दुई लाख ८४ हजार ३०५ जनाले ग्रेड प्राप्त गरेका बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।




यस्तै, नियमिततर्फ ११ र आंशिकतर्फ छ गरी १७ जनाको परीक्षा रद्द गरिएको छ ।

यस वर्ष ३.६१ देखि ४ जीपीए ल्याउने विद्यार्थी १३ हजार ५ सय २ जना रहेका छन् । त्यस्तै ३.२१ देखि ३.६० जीपीए ल्याउनेको संख्या ५५ हजार ८ सय ९६ रहेको छ । २.८१ देखि ३.२० जीपीए ल्याउनेको संख्या ६९ हजार ८ सय १२ रहँदा २.०१ देखि २.४० जीपीए ल्याउनेको संख्या ८ हजार ९ सय ६४ रहेको छ । त्यस्तै जीपीए १.६१ देखि २ जीपीए ल्याउनेको संख्या २३ रहेको छ ।

ननग्रेड आएका विद्यार्थीको ग्रेडवृद्धि परीक्षा आगामी भदौ २८ र २९ गते सञ्चालन हुने बोर्डले जनाएको छ ।

# फतुवा बिजयपुरको नगरसभा अन्योलमा

**कृष्ण तिवारी /मध्यान्ह**
रौतहट, १९ साउन

रौतहटको फतुवा बिजयपुर नगरपालिकामा राजनीतिक स्वार्थका कारण नगर सभा कहिले हुने भन्ने अझै टुंगो लागेको छैन । पटक-पटक मिति तोकेपनि नगरपालिकाले नगरसभा गर्न सकेका छैनन् । स्थानीय सरकार सञ्चालन ऐन अनुसार असार १० गतेभित्र नगरसभा सम्पन्न भइसक्नुपर्ने भएपनि जिल्लाका फतुवा बिजयपुर नगरपालिकामा आर्थिक वर्षको पहिलो चौमासिक बजेट प्रभावित हुँदासमेत नगर सभा भएको छैन ।

नगरसभा हुन नसक्दा बजेट र कार्यक्रममार्फत जनतालाई दिनुपर्ने अत्यावश्यक सेवा प्रभावित बनेको छ । वार्षिक योजना र कार्यक्रमभन्दा बाहिरबाट व्यक्तिगत स्वार्थमा गत वर्ष गरिएका कार्यक्रमलाई अहिलेको वर्ष बजेट विनियोजन गर्न खोजिएपछि विवाद सिर्जना भइ नगर सभा हुन सकेको छैन ।

बजेट विनियोजन विषयको विवादकै कारण कार्यपालिका बैठकमा वार्षिक कार्यक्रम तथा बजेट तयारीको प्रतिवेदन साउन महिनाको तेस्रो हप्ताका लागि सक्दासमेत पेस हुन नसकेको हो ।



प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले नगरसभा गर्न तयार रहेको तर कार्यवाहक नगर प्रमुख अम्बेया खातुनको श्रीमान मोहम्मद सेराजले आफ्नो हठ नछोडेको कारण नगरसभा हुन नसकेको बताए ।

कार्यवाहक नगरप्रमुख अम्बेया खातुन प्रक्रियागत ढंगले अगाडि आउन नचाहेको र एकलौटी रूपमा बजेट बाँडफाँट गर्न खोजेको वडा नं.२ को वडाध्यक्ष अनिरुद्ध यादवले बताएका छन् ।

नियमानुसार आगामी आवको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराइ असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने हुन्छ ।

वडास्तरबाट तर्जुमा भइ आउनुपर्ने प्रायजसो विकासका योजना र कार्यक्रम नगरपालिकाको विषयगत समितिसम्म नै आइपुगेका छैनन् ।

नगरसभा हुन नसकेपछि नगरपालिकाले आव ०८२/८३ का लागि आयव्ययको हिसाबकिताब राख्न सकेको छैन । 'कार्यालयको दैनिक सञ्चालनका लागि चाहिने स्टेसनरी सामग्रीदेखि नगरपालिकाले जनताको अत्यावश्यकीय सेवाका साथै दैवीप्रकोपका लागि खर्च गर्नुपर्ने बजेट छैन । बजेट नहुँदा नगरपालिकाले औषधी किनेर दिन सक्ने अवस्था छैन तर नगरपालिकाले नागरिकलाई दिने दैनिक सेवा जस्तो जन्मदर्ता, नाता प्रमाणित, चार किल्ला सिफारिस जस्ता सेवा प्रदान गर्ने व्यवस्था भने मिलाइएको छ ।'

स्थानीय जनताको प्राथमिकताको आधारमा वडा तहबाट नै विकासको योजना तर्जुमा भइ विषयगत समितिमा ल्याइनुपर्नेमा पालिकाको अधिकांश वडामा वडास्तरीय योजना तर्जुमा हुन सकेको छैन ।

फतुवा विजयपुरमा नेपाली कांग्रेस पार्टीको टिकट बाट निर्वाचित मेयर गोपाल राय यादव नदीको टेन्डरमा अख्तियारद्वारा दोषी ठहर भइ विशेष अदालतबाट दण्ड जरिवाना तोकिएपछि उनको पद गएपछि कांग्रेसकै उपमेयर खातुन कार्यवाहकको जिम्मेवारी पाएकी थिइन् । खातुन कार्यवाहक भएदेखिनै विभिन्न कारणले सिंगो नगरपालिका अस्तव्यस्त बनेको छ । नगरपालिकाले समयमा बजेट ल्याउन नसक्दा समयमा शिक्षक कर्मचारीले तलब पाउनेगरेका छैनन् । जनप्रतिनिधिबीच बजेटकै भागबण्डा नमिलेर यस आर्थिक वर्षको असार १० भित्र फतुवाविजयपुर बजेटल्याउन असफल भएको छ ।

# हाया भिसामा कतारमा अस्ताएका मोरङका राईको शव नेपाल पठाउन एनसीसी कतारको सहयोग

**तिलु शर्मा पौडेल /मध्यान्ह**
दोहा कतार, १९ साउन

हाया अर्थात् भ्रमणका लागि प्रयोग हुने भिसामा कतार आएका मोरङका एक व्यक्तिको निधन भएको छ । कतारलाई विगत एक दशक लामो समय रोजगारीको स्थल बनाएका बेलबारी नगरपालिका ४ का बच्चु कुमार राई (निशान) को निधन भएको हो ।

कतारमा सन् २०११ मा स्थापित फुटबल क्लब कलेक्सन फुटबल क्लब (सिएफसी)का संस्थापक अध्यक्ष समेत रहेका राईको नजिकका साथी नारायण चौधरीका अनुसार करिब डेढ दशक भन्दा पहिले ड्राइभर भिसामा कतार आएका उनले त्यसको केही समयपछि आफ्नै व्यवसाय समेत थालेका थिए ।

आफू केही कानुनी उल्झनमा परेपछि आफ्नो कम्पनी एक भारतीय सहकर्मीलाई सुम्पेर उनी नेपाल पुगेपनि पछिल्लो समय दोहा आउजाउ बाक्लिएको बताउँछन् ।

व्यावसायिक मनस्थितिले गत जुलाई ७ तारीक कतार आएका उनी ८ तारिख नै बिरामी परेपछि कतारको सरकारी हमाद अस्पताल भर्ना गरेर उपचार थालिएपनि जुलाई २९ तारिख मध्यराति उनले निमोनियाका कारण आफ्नो प्राण गुमाएका थिए ।

४ वर्षीय छोरीको बुबा समेत रहेका राईको मृत्युको खबर गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्(एनआरएन एनसीसी)कतारका श्रमिक विभाग संयोजक सन्तोष पौडेलको जानकारीमा आएसँगै सचिव अर्जुन संग्रौलासहित सामाजिक अभियन्ता क्रान्ति सिंह र राईका छिमेकी चौधरीहरूको तदारुकतामा सोमबार बिहान शव नेपाल पुगेको छ ।



कतारमा हाया भिसामा आएको नेपालीको मृत्यु नै पहिलो पटक भएका कारण कानुनी मापदण्ड र प्रक्रिया बुझ्दै दूतावासको साथ सहयोग लिँदै शव नेपाल पठाउन सकिएको संयोजक पौडेलले बताए । आइतबार मध्यराति शव पठाउन अलखोरमा रहेको हमाद अस्पताल पुगेका एनसीसीका विभिन्न पदाधिकारीहरू पत्रकारसहित राईका आफन्तले एक मिनेट मौन धारण गरी सब पठाइएको हो ।

उनको शव पठाउन राईले सुम्पेको कम्पनीका मालिक भारतीयले खर्च बेहोरिदिएको पौडेलले स्पष्ट पारे । एक हप्ताभित्र शव पठाए अस्पतालले लिने शुल्कमा पनि राहत मिल्ने भएसँगै नेपाली नियोग पुगेर आवश्यक कागजपत्र तयार पार्न नेपाली नियोगका सहायक जनसम्पर्क अधिकृत(मन्दुब)ले खेलेको भूमिकाको सचिव संग्रौलाले प्रशंसा गरे ।

हाया भिसामा कतार प्रवेश गर्दा गरिएको इन्सुरेन्सको रकम प्राप्तिका लागि लागि दूतावाससँग समन्वय गर्दै केश अघि बढ्ने संग्रौलाको भनाइ छ ।

### श्रमिकका मुद्दामा सक्रियता बढाउँदै एनसीसी

गत महिनाको २५ जुलाईमा आफ्नो राष्ट्रिय एकताको महाधिवेशनकै साँझ कतारमा अप्ठ्यारो अवस्थामा परेका मोरङका २० वर्षीय निशान राईलाई एनसीसी कतारले नेपाल फिर्ती टिकट उपलब्ध गराएको थियो । त्यस्तै अमेरिका जाने क्रममा स्वास्थ्य समस्या भइ कतारको दोहाको सरकारी अस्पतालमा आकस्मिक रूपमा भर्ना गरिएका नेपाली नागरिक विनोद गौतमको उपचार र पुनःअमेरिका यात्राका लागि सचिव संग्रौलासहितले महत्वपूर्ण भूमिका खोलेका थिए । कतारमा समस्यामा परेका श्रमिकले आफ्ना समस्या एनसीसी कतारसमक्ष सिँधै फोन र ह्वाट्सएपमार्फत राख्न ७०००१३५३ को नम्बर सार्वजनिक गरेको छ ।

त्यसले तिनको सुरक्षा, जीवन, र परिवारप्रतिको जिम्मेवारी पनि लिनुपर्छ ।'

ब्रुनेल विश्वविद्यालय, लण्डन र केन्द्रद्वारा प्रकाशित यस अध्ययन प्रतिवेदनले सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारका लागि सुझाव दिएको छ । ब्रुनेल विश्वविद्यालयका लेक्चरर डा आयुष्मान भगतले महिला कामदार वा शवलाई ढिला र भेदभावबिना फर्काइने प्रणालीको व्यवस्था गर्न सुझाव दिए ।

डा भगतले भने, 'हामीले मृतकका वृद्ध बाबुआमासँग कुरा गरेका छौं, जो कुनै सहयोगबिना भविष्यको पुस्ता हुर्काइरहनुभएको छ । यी परिवारहरूलाई दीर्घकालीन रूपमा मानसिक स्वास्थ्य सेवा, कानुनी सहायता र सार्वजनिक पहिचान दिनुपर्छ ।'

यस्तै, आवश्यक कागजात नभएकालाई पनि बिमा र क्षतिपूर्ति प्रणाली सुनिश्चित गर्नुपर्ने सुझाव दिएको छ । महिला आप्रवासीले भोग्दै आएका चुनौती, पीडा, हराउने वा मृत्युमा राज्यको तर्फबाट ध्यान केन्द्रित गर्नुपर्ने कार्यक्रममा उपस्थित अधिकारकर्मीको भनाइ थियो । प्रतिवेदनले वैदेशिक रोजगारीमा गएका नेपाली घरेलु महिला श्रमिकहरूको मृत्युपछि उनीहरूका परिवार सामाजिक, मानसिक र आर्थिक संकटमा परेको एक प्रतिवेदनले देखाएको छ । मृतक महिला श्रमिकको शव नेपाल ल्याउन समय लाग्ने, खर्चिलो प्रक्रिया र नेपाली दूतावासहरूको सीमित सहयोग मात्रै पाइने गरेको पीडित परिवारले गुनासो गरेका छन् ।

अनौपचारिक च्यानलमार्फत गएका महिलाहरूको मृत्युपछि शव ल्याउने प्रक्रिया अत्यन्त जटिल र अपारदर्शी रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारीमा जाने महिला घरेलु श्रमिकहरूको सुरक्षाका लागि गतव्य मुलुकहरूमा सुरक्षा प्रणालीको सुदृढीकरण गर्नुका साथै सेवामूलक श्रमलाई कानुनी मान्यता दिन आवश्यक पर्ने कानुन निर्माण गर्न केन्द्रले सुझाव दिएको छ ।

**साना...**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपमहासचिव जनार्दन शर्मा 'प्रभावकर' बीच भएको लफलडा पार्टीको स्थायी कमिटी बैठकले निष्क्रिय पारेको नेताहरूले दाबी गरेका छन् । यद्यपि दुई नेताको झगडाले पार्टीको केन्द्रदेखि भूगोलसम्म दुईधार देखिएको छ । आजीवन पार्टी नेतृत्वबाट नहट्ने प्रचण्डको योजनामाथि विकल्पको खोजी गर्ने आँट गरेका प्रभाकरले माओवादीभित्र एउटा समूह नै चलाएका छन् । दुवै नेताले एकाअर्कोप्रति आत्मालोचनाको माग गर्दै आएका थिए तर दुवै नेता आफ्नो एजेन्डामा टसमस नभएको नेकपा माओवादीका एक पदाधिकारीले मध्यान्हलाई बताए । तीन दिनसम्म चलेको स्थायी कमिटी बैठकमा केही नेताहरूले नेतृत्वको विकल्पबारे आवाज उठाए पनि अधिकांश नेताहरू प्रचण्डलाई निर्विकल्प अध्यक्ष स्वीकार गर्नुपर्ने पक्षमा उभिएका थिए ।

यसै प्रसंगमा पार्टी सचिव राम कार्कीले पार्टीमा आलोपालो नेतृत्वको विकल्पसहित वर्तमान नेतृत्वप्रति टिप्पणी गर्दा प्रचण्डसँग फरक मत राख्दै आएका नेता प्रभाकरलाई राहत मिलेको देखिन्छ । पार्टी फुटकै अवस्था भने नरहेको माओवादीमा प्रचण्ड र जनार्दनबीच ठुलै अन्तर्संघर्ष चलेको माओवादीका ती पदाधिकारीले बताए । तर पार्टी बैठकले सबै गुट/उपगुट विघटन गर्ने र निर्णय विपरित जानेलाई कारबाही गर्ने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए । 'पार्टी रूपान्तरणको महाअभियानमा छ । पार्टीमा सबै स्वार्थ समूह, गुट/उपगुट विघटन गर्ने निर्णय भएको छ । कोही निर्णय विपरीत जान्छ भने कारबाहीको दायरमा ल्याउने भनिएको छ', उनले भने ।

त्यस्तै, राप्रपा, नेकपा एस र नाउपामा त पार्टी विभाजनकै अवस्था आउनसक्ने गरी झगडा भइरहेको छ । संसदको पाँचौं दल राप्रपामा संस्थापनइतर समूहका नेताहरूले अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीलाई एकलौटी ढंगले चलाइरहेको तीव्र आलोचना गरेका छन् ।

अध्यक्ष लिङ्देनले अनुशासन समितिका अध्यक्ष नवराज सुवेदीलगायतलाई पदमुक्त गरेपछि इतर समूहका नेताहरूले लिङ्देनविरुद्ध मोर्चाबन्दी गर्दै आएका छन् । यसै सन्दर्भमा नेतृत्वप्रति असन्तुष्टि जनाउँदै सोमबार इतर समूहका नेताहरू छुट्टै छलफलमा जुटेको महामन्त्री धवलशमशेर राणाले जानकारी दिए । 'पार्टीमा नेतृत्वले एकलौटी गर्न थालेपछि हामीले विधानबमोजिम काम गर्न दबाबस्वरूप छुट्टै भेला गरेका हौं,' उनले भने 'पार्टी फुटाउने भन्ने अवस्था अहिले आएको होइन । तर, पार्टीलाई विधिविधानअनुसार संस्थागत रूपमा चलाउने कुरामा नेतृत्वको ध्यानाकर्षण गरेका हौं ।'

छलफलमा वरिष्ठ उपाध्यक्ष तथा पूर्वमन्त्री विक्रम पाण्डे, उपाध्यक्ष (पदमुक्त) मुकुन्द श्याम गिरी, महामन्त्रीद्वय डा. धवलशमशेर राणा र कुन्तीकुमारी शाही, बागमती प्रदेश अध्यक्ष विक्रमबहादुर थापा, कर्णाली प्रदेश अध्यक्ष दीपबहादुर शाही, पूर्वमन्त्री तथा केन्द्रीय सदस्य जगत गौचन, प्रवक्ता (पदमुक्त भएका) सगुन सुन्दर लावती, सहमहामन्त्री रवीन्द्र प्रताप शाह, सहायक प्रवक्ता प्रबिनकुमार थोकर तामाङ, सहायक महामन्त्री प्रेम बलायर, ऋषिराज देवकोटा र सौरेन्द्रबहादुर शाहलगायत ७० जना भन्दा बढी सहभागी रहेको नेताहरूको दाबी छ । अध्यक्ष लिङ्देन पनि उनीहरूको गतिविधिप्रति थप रुष्ट बनेका छन् ।

नेकपा एसमा अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालबीचको द्वन्द्वले पार्टी कार्यकर्ता निराश छन् । खनालले एमाले विभाजनको औचित्य पुष्टि गर्न पार्टी नेतृत्वले नसकेको भन्दै माधव नेपालप्रति खरो आलोचना गरेसँगै उत्पन्न विवादले दुई नेताबीच राजीनामा मागामागको अवस्था आएको हो ।

एमाले विभाजन गलत भएको भन्ने खनालको अभिव्यक्तिपछि रुष्ट बनेका पार्टी अध्यक्ष नेपालले उनलाई पार्टीबाट राजीनामा दिएर जान निर्देशन दिएका थिए । खनालले नेपाललाई पार्टी सञ्चालन गर्न सक्ने र पार्टीमा बसेर काम गर्न सक्ने क्षमता छैन भने त्यस्ता मान्छे आफैं बाटो लागे हुन्छ भन्ने जवाफ दिए । यस्ता सवाल जवाफले पार्टीहित नहुने नेकपा एसका उपमहासचिव मेटमणि चौधरीले बताए । 'नेताहरूबीचको विवादले पार्टीमा असहजता देखिएको छ,' चौधरीले भने, 'अध्यक्षप्रति सार्वजनिक रूपमा टीकाटिप्पणी गर्दै जाँदा पार्टी थप कमजोर हुने भएकाले आन्तरिक असमझदारीलाई आन्तरिक छलफलबाटै निकास निकाल्न र पार्टीका नीति कार्यक्रम जनतामाझ पुऱ्याउन लाग्नुपर्छ ।' पार्टी नेतृत्वप्रति गुनासो वा सुझाव भए नेताहरूले बैठकमा राख्नुपर्ने कुरा सार्वजनिक मिडियामा बोल्दै हिँड्नु राम्रो नभएको उनले खनाल लक्षित टिप्पणी गरे । यता, नाउपामा विगतदेखि चलिआएको घरझगडाका बीच संरक्षक रेशम चौधरीले पत्नी रञ्जिता श्रेष्ठलाई पार्टी अध्यक्षबाट निकाल्दै बाबु लालवीर चौधरीलाई नियुक्त गरेका छन् । सो निर्णयविरुद्ध रञ्जिता श्रेष्ठ अदालत जाने तयारीमा छन् । संरक्षक चौधरीले अध्यक्ष श्रेष्ठमाथि गरेको कारबाहीले सिंगो नाउपा भने विभाजित छ । त्यस्तै, जनमतका अध्यक्ष डा. सिके राउतले पार्टीका शीर्ष नेताहरूलाई एकपछि अर्को गरी कारबाही गर्दै आफ्नै दाजु र नजिकका लाई नियुक्त गरेपछि पार्टी विभाजनउन्मुख बनेको छ । सहकारी ठगी प्रकरणमा रवि लामिछाने कारागार चलान भएसँगै रास्वपामा कसले नेतृत्व लिने भन्ने विवाद छ । बाहिर नदेखिने तर आन्तरिक विवादका कारण पार्टीका नियमित गतिविधि प्रभावित भइरहेको सो दलका नेताहरूले अनौपचारिक रूपमा बताउँदै आएका छन् ।

**न्यायाधीश...**

रुचिअनुसार प्रयोग गर्दै अगाडि बढ्ने व्यवहार भएको भनेर एसोसिएसनले सरकारको ध्यानाकर्षण गरेको हो । प्रेस विज्ञप्तिमा भनिएको छ, 'संविधान संरक्षण गर्ने, न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने निकायले नै संविधानको पालना गर्नुपर्ने कर्तव्य पालनातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौं ।'

नेपाल बार एसोसिएसनले न्यायाधीश नियुक्तिमा कानुन व्यवसायीहरूको समान र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न नि माग गरेको छ । न्याय परिषद् नियमावलीमा गरिएको संशोधन तुरुन्त खारेज गर्न जोडदार माग गर्दै आएको एसोसिएसनले अगाडि भनेको छ, '...संशोधनले न्यायाधीशहरूबीच विभेद सिर्जना गरी वरीयता क्रममा अन्यायपूर्ण फेरबदल गरेको छ, जुन सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित समानसत्ताको सिद्धान्त विपरीतसमेत रहेको छ ।'

न्याय परिषद्ले उच्च अदालतका न्यायाधीशहरूको नियुक्तिमा कानुन व्यवसायीहरूलाई रिक्त पदमा कम्तीमा ५० प्रतिशतको संख्यामा नियुक्तिको सुनिश्चितता गर्नुपर्ने माग पनि राखेको छ ।

प्रेस विज्ञप्तिमा भनिएको छ, 'सर्वोच्च अदालत तथा उच्च अदालतहरूमा रिक्त न्यायाधीश पदहरूमा नियुक्ति गर्दा रिक्त पदमा कम्तीमा ५० प्रतिशतको संख्यामा कानुन व्यवसायीहरूबाट प्रतिनिधित्व हुनेगरी सम्मानजनक र निष्पक्ष नियुक्ति गरियोस् ।'

न्यायाधीश नियुक्ति प्रक्रियालाई वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारिता, निष्पक्षता, पेसागत निष्ठा तथा नैतिक आचरणसमेतलाई आधार बनाउन र न्यायाधीशको सरुवा क्रममा समेत निष्पक्षता अपनाउन भनिएको छ ।

'आफूहरूका माग बेवास्ता गरी न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाइए विरोधका कठोर कार्यक्रम निर्धारण गरी अगाडि बढ्ने बेहोरा सादर अवगत गराउँछौं,' वरिष्ठ अधिवक्ता तथा नेपाल बार एसोसिएसनका महासचिव केदारप्रसाद कोइरालाले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

**घरेलु...**


व्याख्या गर्नुपर्छ,' कार्यक्रम व्यवस्थापक खनालले भनिन्, 'नेपालले आप्रवासी श्रमिकको रेमिट्यान्स स्वीकृत गर्छ भने,

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिक्कल, इलाम**
**कोशी प्रदेश, नेपाल**

**जनहितमा जानकारी मूलक सन्देश**

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरू व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२. गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**
क) बासी र सडेगलेको खानेकुराहरू नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

# माओवादी केन्द्रले भदौ तेस्रो सातादेखि जनजागरण अभियानलाई पुनः सञ्चालन गर्ने

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को स्थायी कमिटी बैठक सम्पन्न भएको छ। बैठकले आगामी भदौ तेस्रो सातादेखि मध्यपहाडी लोकमार्ग केन्द्रित जनजागरण अभियानलाई पुनः सञ्चालनमा ल्याउने भएको छ।

पार्टीको स्थायी कमिटी बैठकले अत्यधिक वर्षाका कारण स्थगित भएको मध्यपहाडी लोकमार्ग केन्द्रित जनजागरण अभियानलाई आगामी भदौ तेस्रो सातादेखि पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको हो।

यस्तै, विसं २०७९ को पार्टीको राष्ट्रिय महाधिवेशनको कार्यतालिकाअन्तर्गत यस वर्षको दसैंपश्चात् केन्द्रीय समिति बैठक बस्ने र उक्त बैठकबाट राष्ट्रिय महाधिवेशनको मिति टुंगो लगाइने निर्णय भएको उपाध्यक्ष तथा पार्टी प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए।




बैठकले पार्टीको संगठनात्मक एकता र वैचारिक स्पष्टता सुनिश्चित गर्न महत्वपूर्ण निर्णय गरेको उनले बताए।

बैठकले विचारको स्वतन्त्रता र बहसलाई सम्मान गर्दै कार्यान्वयनमा एकरूपता ल्याउनुपर्ने निष्कर्ष निकालेको छ। साथै, निजी स्वार्थमा आधारित, पार्टी हितविपरीत गतिविधि गर्ने गुट र स्वार्थ समूहको अन्त्य गर्ने सामूहिक संकल्प व्यक्त गरिएको प्रवक्ता सापकोटाले बताए।

'प्रतिगमन र यथास्थितिवादविरुद्ध दृढताका साथ उभिएर सामाजिक-आर्थिक रुपान्तरण र सामाजिक न्यायसहितको समृद्धि आजको राष्ट्रिय कार्यभार भएको निष्कर्षमा बैठक पुगेको छ। त्यस कार्यभार पूरा गर्न पार्टीको रुपान्तरण र पुनर्गठनको प्रक्रिया थप गतिशील र सशक्त रूपमा अघि बढाउन सांगठनिक एकता कायम गर्ने निर्णय गरिएको छ', उनले भने।

नेकपा (विप्लव) लगायत क्रान्तिकारी शक्तिहरूसँग पार्टी एकताको पहल गर्दै संवाद अघि बढाउने र समाजवादी मोर्चाको सुदृढीकरण तथा विस्तारमा पनि प्रयत्न गर्ने निर्णय भएको प्रवक्ता सापकोटाले जानकारी दिए। बैठकमा पार्टीबाट विगतमा भएका गल्ती, कमजोरीहरूको समीक्षासमेत गरिएको छ।

बैठकले राष्ट्रियता, जनतन्त्र, जनजीविका, सुशासन तथा सामाजिक न्यायसँग सम्बन्धित विविध विषयमा समसामयिक राजनीतक प्रस्ताव गर्दै खबरदारी गरेको छ। यही साउन १६ गतेदेखि सुरु भएको बैठक सोमबार सम्पन्न भएको हो।

# दुर्गा प्रसाईं धरौटीमा रिहा

**काठमाडौं/मस–** उच्च अदालत पाटनले धरौटीमा छाड्ने आदेश दिएसँगै मेडिकल व्यवसायी दुर्गा प्रसाईं रिहा भएका छन्।

प्रसाईंलाई बैंकिङ कसुर र राजावादी आन्दोलनसँग जोडिएको दुवै मुद्दामा धरौटीमा छाड्न उच्च अदालत पाटनले आदेश दिएको थियो।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र मुनेन्द्रप्रसाद अवस्थीले बैंकिङ कसुरमा २५ लाख धरौटीमा छाड्न आदेश गरेको हो। आदेशमा भनिएको छ, 'घटना विवरण कागज गर्ने व्यक्तिहरुले गरेको कागज, सहप्रतिवादीहरुले अनुसन्धानमा गरेको बयान, छानबिन समितिको प्रतिवेदन व्यहोरा समेतलाई मध्यनजर गरी मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी दुर्गा प्रसाईं निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था देखिएन।'



अदालतले प्रसाईं क्यान्सर रोगबाट पीडित भएको भन्ने प्रमाणबाट देखिएकाले धरौटीमा छाड्ने आदेश गरेको हो।

त्यसैगरी सोमबार नै उच्च अदालत पाटनका न्यायाधीश टंकप्रसाद गुरुङ र डिल्लीरत्न श्रेष्ठको इजलासले गत चैत १५ गते राजावादीको आन्दोलनका नाममा भएको हिंसात्मक प्रदर्शनसँग जोडिएको मुद्दामा धरौटीमा छाड्न आदेश दिएको थियो। सो मुद्दामा तीन लाख धरौटीमा छाड्न आदेश दिएको हो।

# सुनसरी रास्वपामा भाँडभैला

**तेज बन/मध्यान्ह**
सुनसरी, १९ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सुनसरीमा गुटबन्दी र आन्तरिक किचलोले चुलिँदा जिल्ला सभापति जीवन कुमार श्रेष्ठ र कोषाध्यक्ष देवराज अधिकारीले पदबाट राजीनामा दिएका छन्।

निलम्बनमा रहेका सभापति श्रेष्ठले आइतबार राजीनामा दिएलगत्तै करिब ८ घण्टापछि कोषाध्यक्ष अधिकारीले पनि राजीनामा बुझाएका हुन्। पार्टीभित्र हेपाहा प्रवृत्ति, गुटबन्दी, तानाशाही निर्णय र एकलौटी अधिकार प्रयोग भएको आरोप लगाउँदै दुवै जनाले पद त्याग गरेका हुन्।

दुवै नेताले पार्टीका कार्यवाहक अध्यक्ष डिपी अर्याललाई सम्बोधन गर्दै राजीनामा पत्र बुझाएका हुन्। उनीहरूले पार्टीभित्रको अवस्थाप्रति असन्तुष्टि जनाउँदै लामो समयदेखि सुनसरीलगायत जिल्लामा आन्तरिक विवाद सतहमा आइरहेको उल्लेख गरेका छन्।

कोषाध्यक्ष अधिकारीले पार्टीभित्रको विवादमा केन्द्र, प्रदेश र जिल्ला तहका नेताहरूले सिधा हस्तक्षेप गरेकाले अवस्था जटिल भएको बताएका छन्।

पूर्वसभापति श्रेष्ठले पार्टीका कोशी प्रदेश महामन्त्री लालबिक्रम थापामाथि गम्भीर आरोप लगाउँदै विरोध जनाएका थिए। उनले जनता स्कुलको जग्गा भाडामा लिएर रकम अपचलन गरेको, आन्तरिक विषयमा जबरजस्ती हस्तक्षेप गरेकोलगायतका गतिविधिमा थापा संलग्न रहेको दाबी गरेका छन्। उनले थापाको निलम्बनको माग गर्दै आएका थिए।

**नगर तहमा पनि विवाद**

महामन्त्री थापाकै कारण इटहरी उपमहानगर कमिटीमा पनि विवाद चुलिएको छ। नगर सभापति विष्णु बस्नेतलाई निलम्बन गरेपछि विवादले नयाँ मोड लिएको थियो।

साउन १० गते तय भएको अधिवेशन बस्नेतले उच्च अदालत विराटनगरमा मुद्दा दायर गरेपछि रोकिएको थियो। अदालतले साउन १२ गते दुवै पक्षलाई छलफलमा बोलाएपछि साउन १७ गते अधिवेशन सम्पन्न भयो। तर अधिवेशनपछिको नेतृत्वप्रति असन्तुष्टि जनाउँदै सामाजिक सञ्जालमा व्यापक विरोध भइरहेको छ।

# अल्पज्ञानीको 'उज्यालो पर्खिरहेको मानिस' सार्वजनिक

**काठमाडौं/मस–** कवि देवीरमण तिवारी 'अल्पज्ञानी' ले कवितासंग्रह 'उज्यालो पर्खिरहेको मानिस' ल्याएका छन्।

मानवीय पर्यावरणको समृद्धि र समग्र जैविक पर्यावरणको संरक्षणको पक्षमा बलियोसँग उभिएको उक्त कवितासंग्रहको वरिष्ठ कवि डा.नवराज लम्साल, डा. अशोक थापा, डा. गीता त्रिपाठी र भुवनहरि सिग्देलले संयुक्त रुपमा विमोचन गरेका हुन्।



कार्यक्रममा बोल्दै डा. लम्सालले अल्पज्ञानीको कविताभित्र ज्यादा रहस्य, प्रश्न र गम्भीरता रहेको बताए। प्रत्येक कविले लेखेको कविताको भाव फरक हुनुपर्ने उनको भनाई थियो। डा.लम्सालले उज्यालो खोजेर अध्यारोलाई कविताले हिर्काइरहेको बताए। कविता संग्रहको समीक्षा गर्दै साहित्यकार डा.थापाले कविताभित्र स्थानीय भाषा र मौलिकता छिरेको बताए। गाउँ र शहरको द्वन्द्व कवितामा देखिएको उनको भनाइ थियो।

काठमाडौं मोडल कलेजका प्राचार्य डा.नगेन्द्रबहादुर अर्यालले पछिल्लो समय साहित्य क्षेत्र मर्दै गएको भन्दै यसलाई जोगाउने जिम्मा युवा सर्जकको रहेको बताए। दुई दशक पहिलेदेखि कोरिएका कवितालाई पुस्तकको रुपमा ल्याएको अल्पज्ञानीले बताए। 'उज्यालो पर्खिरहेका मानिस' कवितासंग्रहमा ४७ कविता रहेका छन्।

# अवैध सामान बरामद

**घुरन यादव/मध्यान्ह**
सप्तरी, १९ साउन

सप्तरीको बलान बिहुल गाउँपालिका-५ मा अवस्थित प्रहरी चौकी रामनगर कोदरटीबाट खटिएको टोलीले ठूलो परिमाणमा भारतबाट भन्सार छली गरी ल्याइएका अवैध सामग्री बरामद गरेको छ।

प्रहरी चौकीका असइ रबन यादवको कमाण्डमा खटिएको गस्ती टोलीले कबिर चौकदेखि करिब ६ सय मिटर पश्चिमको झाडी क्षेत्रमा लुकाइछिपाइ राखिएको अवस्थामा ती सामग्री नियन्त्रणमा लिएको हो।




बरामद गरिएका समानहरूमा दाँत मसकाउने गुल १ प्याकेट, सागर दूध ३ बोरा, सर्फ ६ बोरा, भुजिया २५ प्याकेट र १० पिस, राजनिवास पति १ प्याकेट, खुकुरी चुरोट २५ बन्डल र पान मसला ४५ थान रहेका छन्। प्रहरीका अनुसार बरामद सामग्रीको कुल मूल्य रू. १,२२,६१० (एक लाख बाइस हजार छ सय दस) रहेको छ। बरामद सामग्रीहरू ईलाका प्रहरी कार्यालय बोदे बर्साइनमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ।

## साना किसान कृषि सहकारी संस्था लिमिटेड
रघुनाथपुर, सबैला नगरपालिका-१२,धनुषा
मधेश प्रदेश

**बोलपत्र स्वीकृतिको आशयसम्वन्धि सूचना**

**प्रकाशन मितिः२०८२/०४/२०**

यस कार्यालयवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Name and Address of Bidder | Bid Amount without Vat & PS | Remarks |
|---|---|---|---|---|---|
| 1 | SKKSSL/WORKS/ NCB/01-2081/82 | Construction of Truss Building and Foundation for Machines of Boiler Rice Steam Plant. | Masterplan Construction, Hanspur--5, Dhanusha | 30,46,248.30 | |

## Dhanapalthan Rural Municipality
## Office of Rural Municipal Executive
Sorabhag, Morang
Koshi Province, Nepal

**Letter of Intent to award the contract**

**Date of Publication: August 5, 2025 (2082/04/20)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following lowest evaluated substantially responsive bidder. Corresponding lowest evaluated substantially responsive bid is selected in accordance with ITB 24 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2 & clause 27.3.

| Name of Project | Contract ID | Name and Address of Qualified Bidder | Bid Amount (with VAT & PS) |
|---|---|---|---|
| Supply & Delivery Of Tubewell Accessories. | DPTRM/SBG/SQ/ GOODS-22/081/82 | Aditya Suppliers, Nepalgunj 13, Banke | 14,52,126.27 |

**Chief Administrative Officer**

## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

**पशुपन्छीहरुको लागि औषधी खरिद सम्बन्धी विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/२०**

कनकाई नगरपालिकाको कार्यालयमा आ.व. २०८२।८३ मा आवश्यक पशुपन्छीहरुको लागि औषधी खरिद गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सम्पूर्ण शिलबन्दीदाताहरुको जानकारीको लागि विद्युतीय शिलबन्दी (Electronic Sealed quotation) आह्वान गरिएको छ।

**खरिद सम्बन्धी विवरणहरु**

| क्र. स. | ठेक्का नं.: | विवरण | शिलबन्दी पेश गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी फारम शुल्क | शिलबन्दी मान्य हुने अवधी | शिलबन्दी जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | शिलबन्दी जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/SQ/ Goods/2082/83-04 | पशुपन्छीहरुको लागि औषधी खरिद | २०८२।०५।०४ मध्यान्ह १२:०० बजे | रु. १,०००।- | शिलबन्दी खोल्ने दिनबाट ४५ दिन | रु. ३५,०००।- | ७५ दिन |

## युएई र मलेसियामा रोजगार
कम्पनीः AFRINA SWEETS — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१३ — चलानी नं.:६०२१०७१९ — LT. No.: 295701 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shop Assistant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 0 | 5 | | 1200 | ४५,६६० | | | | | | | |
| 3. | Baker | 0 | 6 | | 1200 | ४५,६६० | | | | | | | |

कम्पनीः AFRINA BEAUTY AND HENA CENTER BRANCH — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१३ — चलानी नं.:६०२१०७०० — LT. No.: 295570 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 15 | | 1200 | ४५,६६० | | | | | | | |
| 3. | Shop Assistant | 0 | 7 | | 1200 | ४५,६६० | | | | | | | |

कम्पनीः PHOENIX SECURITY SERVICES AND CONSULTATION SDN. BHD. — शहरः Jalan
पूर्व स्वीकृत मितिः २०८२/०१/२४ — चलानी नं.: ६०२३७२९८ — LT. No.: 323218 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1700 | ५५,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २७ गते (12 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015

## कतारमा रोजगार
कम्पनीः QATAR GARDENS — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/०४/१९ — चलानी नं.: ६०२४२३२३ — LT. No.: 328462

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FARMER | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GARDENER | 10 | 0 | | 1000 | ३८,२४० | | | | | | | |
| 3. | LABOUR | 10 | 0 | | 1000 | ३८,२४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन २७ गते (12 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

DIANA OVERSEAS
डायना ओभरसिज प्रा. लि.
श्रम ईजाजत पत्र नं :४०५/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

## यूएईमा रोजगार
कम्पनी : GULF FIRE VISION WORKSHOP EGPT. MACH.&SPARE PARTS TR — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/१८ — चलानी नं.: ६०२४२३२४ — LT. No.: 328373

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HELPER | 11 | 0 | स. काममा दक्ष | 1400 | ५३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २७ गते (12 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

टि. जि. एल. नेपाल प्रा. लि.
श्रम इजाजत नं. ८५३/०६६/०६७
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोनः ५९०६२५२ फ्याक्सः ५९०६२५३

## साउदीमा रोजगार
कम्पनीः GOLDEN HANDS EST — शहरः Saudi Arabia
पूर्व स्वीकृत मिति : २०८२/०४/१६ — चलानी नं.: ६०२४२३११ — L.T. No.: 328292

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 30 | 0 | स. काममा दक्ष | 1000 | ३७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २७ गते (12 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

C.D. HUMAN RESOURCES PVT. LTD.
Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no: 9808793080, 9704541905, 9818272436, 9761746298

मध्यान्ह
www.madhyanhadaily.com
२० साउन २०८२ मंगलबार
5 August 2025, Tuesday

## सम्पादकीय

# सरकार फेल भएको नतिजा

उच्च शिक्षाका लागि योग्य वा अयोग्य भनेर छुट्याउने शैक्षिक खुड्किलो हो– कक्षा १२ को परीक्षा । यसको नतिजाले एकातिर मुलुककै शैक्षिक अवस्थाको मापन गरिरहेको हुन्छ भने अर्कोतिर विद्यार्थीहरूको कमजोरी के छ ? भन्ने देखाएर उनीहरूको भविष्य कोर्न सिकाइरहेको हुन्छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षामा ५ लाख १० हजार ९ सय ८७ विद्यार्थी सहभागी थिए । त्यसमध्ये २ लाख ८४ हजार ३ सय ५ विद्यार्थी उत्तीर्ण भए । १ लाख ९३ हजार ८ सय ८२ अनुत्तीर्ण भए । अनुत्तीर्ण हुनेमा सबैभन्दा धेरै अंग्रेजी विषयमा ६६ हजार २ सय ७५ छन् भने दोस्रोमा अकाउन्टिङ (लेखा) विषयमा ४१ हजार २ सय ६३ जना फेल भएका छन् । फेल हुने तेस्रो स्थानमा सामाजिक शिक्षामा ३३ हजार ९ सय २१ छन् भने चौथोमा नेपालीमा २८ हजार ३ सय ५६ जना विद्यार्थी फेल भए । यो नतिजाले नेपालले कक्षा १२ सम्मका विद्यार्थीलाई के पढाइरहेको छ र के सिकिरहेका छन् भन्ने देखाउँछ । नतिजा विद्यार्थीको मेहनत राज्यको लगानी र विद्यालयको वातावरणमा भर पर्छ । अर्थात्, कक्षा १२ को परीक्षाले शिक्षा क्षेत्रमा राज्यले गरेको लगानी र प्राथमिकताको परिणाम उजागर गरिदिएको छ ।

नेपाली, अंग्रेजी र सामाजिकजस्ता विषयमा विद्यार्थी फेल हुनु भनेको त्यस्तो विद्यार्थीले साहित्य, समाज, इतिहास र वर्तमानमा आवश्यक ज्ञान हासिल गर्न सकेन भन्ने हो । नेपालीमा नेपाली भाषा, साहित्य र व्याकरणसँगै नेपालकै इतिहास र कला सिकाउने पाठ्यक्रम छ । अंग्रेजीमा भाषासँगै विश्व साहित्य पढाइन्छ भने समाजिक शिक्षामा वर्तमान नेपाली समाजको चरित्र, समाजसँग नागरिकको सम्बन्ध, शासन व्यवस्था, राजनीतिका न्यूनतम विषय सिकाइन्छ । जसअन्तर्गत सरकार, संसद्, अदालत, नागरिक समाज, बौद्धिक वर्गको भूमिका के हो र के भइरहेको छ भनेर विद्यार्थीलाई भविष्यमा के गर्नुपर्छ ? भनेर धारणा निर्माणमा सघाउने उद्देश्य राखिएको हुन्छ ।

नेपालको वर्तमान शैक्षिक अवस्था शिक्षण सिकाइका तौरतरिका, पाठ्यक्रम र त्यसको कार्यान्वयनमा देखिएका कमीकमजोरी कक्षा १२ को परीक्षाले उजागार गरेको छ । कक्षा १२ को सार्वजनिक नतिजाले विद्यार्थी नभएर सरकार नै फेल भएको देखाउँछ । आगामी दिनमा विद्यार्थीलाई के पढाउने ? कसरी पढाउने ? सिकाइका तौरतरिका के कस्ता अवलम्बन गर्ने भन्ने कुरामा सरकारले मेहनत गर्नुपर्ने देखिन्छ ।

अन्यथा, कक्षा १२ पनि विद्यार्थीले पास गर्न सकेनन् भने उनीहरूको उच्च शिक्षा अध्ययन गर्ने बाटो बन्द हुन्छ र नेपालमै पनि रोजगारी प्राप्त गर्न कठिन हुन्छ । साथै, विदेशमा पनि श्रमिकका रूपमा काम गर्नुको उनीहरूसँग अन्य विकल्प हुँदैन । कक्षा १२ मै फेल भएकाहरू सिप सिकेर जीवन जिउनेतिर लागे राम्रो हुन्छ ।

कक्षा १२ पनि उर्त्तीण गर्न नसक्ने विद्यार्थीहरूले राजनीतिमा नजोडिएककै राम्रो हुन्छ । किनभने जसले भाषा, कला इतिहास, समाज बुझेको हुँदैन, त्यस्ता व्यक्ति जनप्रतिनिधि भएर नीति बनाउने थलोमा पुग्छन् । जो जनता नबुझेरै जनप्रतिनिधि बन्छ त्यस्तो जनप्रतिनिधिले कस्तो नीति बनाउँछ ? यस कोणबाट देखिने मुलुकको अन्धकारलाई सरकारले समयमै ख्याल गरोस् ।

# भिजिट भिसाको विवाद

*भिजिट भिसाको लामो र झन्झटिलो नियम कानुनले रोजगारदाताहरूको ध्यान अन्य देशतर्फ मोर्डिँदै गएको पाइन्छ । यसले नेपालमा आउने रोजगारी घट्दै गएको छ...*

अग्रलेख



● यमप्रसाद अधिकारी

नेपालमा यतिबेला सर्वाधिक चर्चाको विषय बनेको छ- भिजिट भिसा । रेडियो, टिभी, पत्रपत्रिका, फेसबुक, युट्युब, के सहर, के गाउँ, यसकै चर्चा र हल्ला चलिरहेको छ । मान्छेहरू आआफ्नो तरिकाले यसको व्याख्या गरिरहेका छन् । तर, आममानिसले बुझ्ने भाषामा सुनाइएको वा बुझाइएको जस्तो देखिन्न । सामान्यतयाः सरल भाषामा भन्दा कुनै व्यक्ति, कुनै काम विशेष वा छोटो समयको लागि सम्बन्धित देशको दूतावासबाट अनुमति लिई तोकिएको भिसा अवधिभित्र कानुनीतवरले स्वदेश फर्कने प्रक्रियालाई भिजिट भिसा भनिन्छ । यसरी नै धेरै पहिलेदेखि नै नेपाली जानेआउने गरिरहेका छन् । कसैले भिसा अवधिभन्दा बढी समय बस्ने, अध्यागमन कानुन नमान्ने, भिजिट भिसालाई अन्य भिसामा परिवर्तन गर्नेलगायतका गैरकानुनी कार्य गरी त्यसको सजाय भोगेको पनि हामीले सुनिराखेको छौं । स्वदेश छोडेर विदेश गइसकेपछि सम्बन्धित देशका नीतिनियम र कानुन मान्नुपर्ने सबैको दायित्व हुन्छ । त्यो नमान्नेहरू कारबाहीको दायरामा पर्ने गरेको पाइन्छ । जहाँ जाने हो, त्यहाँको नियम मान्नु सबैको कर्तव्य पनि हो ।

अहिले बसाइसराइँको लहर विश्वव्यापी रूपमा चलिरहेको छ । मानिस गाउँबाट सहर, सहरबाट विदेश, एक ठाउँबाट अर्को ठाउँ जाने होडबाजी नै चलेको देखिन्छ । राजनीतिक अस्थिरताले गर्दा जुन तन्त्र आए पनि नेतातन्त्र नै आयो । नेता बलिया भए भने जनता निर्बल हुँदै गए । राज्य सत्तामा एकथरी वर्गको मात्र पहुँच हुन पुग्यो । ठुलाबडा र सत्तापक्षमा भएकालाई एउटा कानुन र विपक्षमा भएकाहरू र सर्वसाधारणलाई अर्को लाग्ने अवस्था बन्दै गयो । यसले चरम बेचैनी, बेथिति निम्त्याउन खोजेको जस्तो आभास जतातते देखिन्छ । गरिबी, बेरोजगारी, भ्रष्टाचार, कमिसनखोरतन्त्र ढिलासुस्ती, नातावाद, कृपावाद आदि विविधि कारणले मानिस सके कानुनी रूपमा, नसके गैरकानुनी रूपमा दलाललाई करोडौं रुपैयाँ बुझाएर तल्लो बाटो हुँदै, हिँडेरै वर्ष दिन लगाएर भए पनि अमेरिका पुग्नेहरूको कथा, युरोप जापान जानेहरूको कथा हामीले सुनिरहेकै छौं । राजनीतिक नेतृत्वले आमनागरिकलाई विश्वास दिलाउन नसक्नु, राजनीतिक नेतृत्वप्रति चरम अविश्वासको कारण हो जस्तो पनि लाग्छ ।

यो भिजिट भिसाको अनियमितता र अपारदर्शिता त पहिलेदेखि नै हुँदै आएको हो । अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही अगाडि बढाउन खोज्दा यो सतहमा आएको हो । 'दैनिक ५० लाख, १ करोड रुपैयाँ एयरपोर्टबाट असुली हुन्छ, यो रकम माथिसम्म पुग्छ'जस्ता समाचारका हेडलाइन त हामीले देखिरहेकै छौं । यसको मूल दोषी राज्य संयन्त्र हो, विभिन्न मन्त्रालय हुन्, त्यहाँ कार्यरत विभिन्न कालखण्डका कर्मचारीहरू हुन्, आफूलाई सुपर पपुलर देखाउने लहडको भरमा स्वइच्छाचारीपूर्वक कार्य गर्ने, निर्णय गर्ने मन्त्रालयका पूर्वमन्त्रीहरू हुन् । आज आममानिसहरूले भोगिरहेका छन्, केन्द्रीकृत मानसिकता, शक्तिलाई त्यहाँबाट फाइदा लिने कुत्सित मनसाय, अव्यावहारिक र अप्रासंगिक नीति नियम लागु गर्न खोज्दा यो भयावह अवस्था सिर्जना भएको हो ।

भिजिट भिसामा उड्ने नेता, सांसद र मन्त्रीले पैसा तिरेका छैनन् । सरकारी उच्च पदस्थ अधिकारीले पनि पैसा तिरेको छैनन् । विदेशी नियोगको कर्मचारीले पैसा तिरेको हुँदैनन् । व्यापारी र विभिन्न पेसा व्यवसायमा लागेकाहरूले पनि पैसा तिरेका हुँदैनन् । विद्यार्थी भिसामा जानेहरूको प्रक्रिया नै बेग्लै छ । तर, जो नियम कानुन संवत् उडेका छन्, कुनै पेसा व्यवसाय गरेर बसेका छन् उपल्लो वर्ग, शिक्षित मध्यम वर्ग, उनीहरूलाई यसले छोएको जस्तो देखिन्न । भिजिट भिसाका मुख्य एउटा समूह होला, गैरकानुनी धन्दा कारोबार गरेर पैसा बुझाई एयरपोर्ट सेटिङ गरी विदेश उड्ने, अर्को समूह होला बिनाश्रम स्वीकृति ठुलाठुला देश उड्ने तथा उडाउन खोज्ने । अर्को यसको मुख्य वर्ग वा मुख्य स्रोत




धेरै प्रतिशत हिस्सा भनेको वर्किङ भिसामा दुई/तीन वर्ष कम्पनीमा काम गर्न जान लागेका १८ देखि ४० वर्षसम्मका महिला/पुरुषहरूको जमात हुन् । जो देशमा रोजगारी नपाएका, केही गर्ने वातावरण नभएपछि सामान्य घरपरिवार पाल्न श्रम र पसिना बेच्न जान लागेकाहरू हुन् । यही निम्न वर्ग, अशिक्षित वर्ग, बेरोजगार वर्गलाई यस्तो माहौल सिर्जना गरेर, गराइदिएर संगठित रूपमा यिनैहरूबाट पैसा उठाई गरिबलाई झन् गरिब बनाउने कार्य भइरहेको छ । अवैधानिक बाटोबाट चर्को मूल्य तिर्न लगाएर, दुईवटा भिसा बोक्न लगाएर जाने, पठाउने, कमाउने कार्य भइरहेको छ । यसमा मुख्यतः राज्य संयन्त्रको गैरजिम्मेवारीपन देखिन्छ ।

म्यानपावर कम्पनीले पनि भिजिट भिसामा मान्छे पठायो भन्ने सुनिरहेको छौं, समयमै डिमान्ड पेपर प्रमाणित नगरिदिएर यो पनि कतिको बाध्यता होला । यस्तो सजिलो बाटो भएपछि ट्राभल एजेन्सीहरू, दुबई, कुवेत बसेर भिसासम्बन्धी काम गर्ने बिचौलियाहरू यस्तै समूहहरूले अहिले यो धन्दा चलाइरहेका छन् । यसरी नै काम गर्न छुट दिइरहने हो भने करोडौं रुपैयाँ धरौटी राखेर खोलेका, राज्यलाई कर तिरेर वैधानिक रूपमा कायम भएका म्यानपावर कम्पनी नै किन चाहियो ? यिनीहरूमा के भिन्नता भयो भन्ने जस्ता गम्भीर प्रश्नहरू आम वैदेशिक रोजगार व्यवसायीहरूले व्यक्त गरिरहेका छन् । यो स्वाभाविक नै पनि हो । राज्यले त यसको महसुस र मूल्यांकन गरिरहेको छ । संस्थागत रूपमा जाने कामदारहरूको समस्या न्यून मात्रामा छ भने र व्यक्तिगत रूपमा जानेहरूको समस्या विकराल रूपमा बढ्दै गएको पाइन्छ । एक सेट कर्मचारी सरुवा गरेर मात्र यो समस्या समाधान हुनेवाला छैन ।

आमजनताका निम्ति नीति नियमहरूलाई अझै सरल र सहज बनाउन पर्नेमा विभिन्न कालखण्डका भएका मन्त्रालयस्तरका निर्णयले गर्दा वैदेशिक रोजगारी अझै असहज, अपारदर्शी एवं पेचिलो हुँदै गएको पाइन्छ । द्विपक्षीय सम्बन्ध र कामदारको विविध समस्याका पक्षमा काम गर्न खोलिएका नियोगहरूमा कार्यरत कर्मचारी पनि भिसाकै कार्टेलिङ, बार्गेनिङमा लागेको बेलाबेलामा समाचार बाहिर आइरहेकै छन् । यस्ता कार्यहरूबाट उनीहरूलाई अलग राख्न अनिवार्य छ । सामान्य खाडी देश र मलेसियामा मागपत्र प्रमाणीकरणको अवस्था त यस्तो जटिल छ भने अहिले नयाँ खुलेका युरोप, जापानलगायतका देशहरूको माग पत्र प्रमाणीकरण झनै झन्झटिलो बनाइएको छ । श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयको दुविधाले

> *मनलागी शैलीमा भएका निर्णयले वैदेशिक रोजगारी अझै असहज, अपारदर्शी एवं पेचिलो हुँदै गएको पाइन्छ । द्विपक्षीय सम्बन्ध र कामदारको विविध समस्याका पक्षमा काम गर्न खोलिएका नियोगहरूमा कार्यरत कर्मचारीहरू पनि भिसाकै कार्टेलिङ, बार्गेनिङमा लागेको घटना बेला-बेलामा आइरहेकै छन्...*

पनि समस्या पारेको छ । यसको मुख्य तालुकदार मन्त्रालय भनेको श्रम मन्त्रालय हो । कसरी यसको समाधान सहज रूपमा गर्न सकिन्छ भन्नेमा श्रम मन्त्रालयको नेतृत्व गम्भीर रूपमा लाग्नुपर्ने देखिन्छ ।

लामो र झन्झटिलो नियम कानुनले रोजगारदाताहरूको ध्यान अन्य देशतर्फ मोडिँदै गएको पाइन्छ । यसले नेपालमा आउने रोजगारी घट्दै गएको छ । संसदको एउटा समितिले खाडीका देशहरूमा महिलाहरूलाई रोजगारी जान रोक लगाएको पनि वर्षौं भइसकेको छ । कागजी रूपमा रोक लगाए पनि व्यवहारिक रूपमा तिनै देशमा महिलाहरू जाने, पठाउने क्रम झन् बढेको पाइन्छ । बिना सरकारी अनुमतिमा गएका, पठाइएका महिला, पुरुषहरू झनै समस्यामा परेका छन् । अव्यवहारिक, असजिला झन्झटिला नीति नियम र माग पत्र प्रमाणीकरण गर्ने नेपाल दूतावासहरूमा देखिएको असहजताले गर्दा मान्छेहरू भिजिट भिसामा जान, पठाउन बाध्य भएका हुन् । जड कुरा यहीँनिर छ । यसको समाधानको नाममा बनेका समितिहरूले यहीँ उभिएर गम्भीर रूपमा अध्ययन, अनुसन्धान गरी निचोड निकालेर प्रतिवेदन बनाइयो र कार्यान्वयन गरियो भने अहिलेको जस्तो दिनमै करोडौं उठाएर खाए/खुवाए भन्ने अवस्थाको अन्त्य हुनेछ । भ्रष्टाचारमा लिप्त भएका कर्मचारीहरूलाई कडा रूपमा कारबाही गर्न सके करोडौं रुपैयाँ धरौटी राखेर विधिवत् सञ्चालनमा रहेका म्यानपावर कम्पनीहरू रमिते बनेर ट्राभल्स एजेन्सी र व्यक्तिगत रूपमा काम गर्नेहरूले म्यानपावर सप्लाइको कार्य गर्न पाउने छैनन् । अहिलेको अवस्थामा सुधार आउन सक्छ । निराकरणको बाटो यही हो ।

## इतिहासमा आज

५ अगस्ट २०१० मा अफगानिस्तानको बदख्शान प्रान्तको कुरान वा मुन्जन जिल्लामा अज्ञात व्यक्तिहरूले अन्तर्राष्ट्रिय सहायता मिसन नुरिस्तान आँखा शिविर टोलीका १० सदस्यहरूको हत्या गरेका थिए ।



५ अगस्ट २०१९ मा जम्मू र कश्मीर (राज्य)को विशेष दर्जा खारेज गर्दै राज्यलाई दुई केन्द्र शासित प्रदेशहरू (जम्मू र कश्मीर (केन्द्र शासित प्रदेश) र लद्दाख) मा विभाजित गरिएको थियो ।



५ अगस्ट १९८१ मा तत्कालिन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले एकै पटक ११ हजार ३५९ हड्ताल गर्ने हवाई यातायात नियन्त्रकहरूलाई बर्खास्त गरेका थिए । काममा फर्किन बेवास्ता गरेपछि रेगनले यस्तो निर्णय गरेका थिए ।



५ अगस्ट २०१० मा कोपियापो खानी दुर्घटना भएको थियो । जसमा ३३ चिलीका खानी कामदारहरू ६९ दिनसम्म जमिनमुनि लगभग २,३०० फिट (७०० मिटर) फसेका थिए ।



# वैदेशिक रोजगारीका समस्या

विचार



● ईश्वर बुढाथोकी

> *विदेश जाने प्रक्रियालाई सुरक्षित, पारदर्शी र श्रमिकमैत्री बनाउनु पहिलो आवश्यकता हो । हालसम्म विदेश जानुअघि कामदारले झेल्नुपर्ने प्रक्रिया झन्झटिलो, खर्चिलो र अलमलपूर्ण छ । एउटै भिसा प्रक्रियाका लागि अनेकौं एजेन्ट, दलाल र कागजपत्रको चक्करमा पर्ने परिपाटी हट्न सकेको छैन...*

वैदेशिक रोजगारी नेपाली समाजको जीवन शैलीसँगै गाँसिएको एक यथार्थ हो । दशकौंदेखि लाखौं नेपाली युवाहरू रोजगारीको खोजीमा खाडी मुलुक, मलेसिया, कोरिया, जापान, युरोप र अमेरिकातर्फ पलायन भइरहेका छन् । उनीहरूले पठाउने रेमिट्यान्स देशको अर्थतन्त्रको मुख्य आधार बनेको छ । तर, यस क्षेत्रले भोगिरहेको विकृति, शोषण र चुनौतीहरू अझै पनि गम्भीर छन् । वैदेशिक रोजगारीको क्षेत्रमा सुधारका लागि तत्काल ध्यान दिनुपर्ने धेरै महत्वपूर्ण पक्षहरू छन्, जुन दीर्घकालीन दृष्टिकोणबाट मात्र होइन, अल्पकालीन रूपमा पनि सम्बोधन गर्न जरुरी छ ।

नेपालबाट विदेश जाने प्रक्रियालाई सुरक्षित, पारदर्शी र श्रमिकमैत्री बनाउनु पहिलो आवश्यकता हो । हालसम्म विदेश जानुअघि कामदारले झेल्नुपर्ने प्रक्रिया झन्झटिलो, खर्चिलो र अलमलपूर्ण छ । एउटै भिसा प्रक्रियाका लागि अनेकौं एजेन्ट, दलाल र कागजपत्रको चक्करमा पर्ने परिपाटी हट्न सकेको छैन । सरकारी तहमा 'वन डोर सिस्टम'को अवधारणा ल्याइए पनि त्यो व्यवहारमा लागू हुन सकेको छैन । श्रम स्वीकृतिदेखि भिसा प्रक्रियासम्मको सम्पूर्ण कार्य एकीकृत र डिजिटल माध्यमबाट सहज तरिकाले सम्पन्न हुने संरचना बनाउनु अत्यावश्यक भइसकेको छ ।

रोजगारीको नाममा हुने ठगी, दलाली र शोषण अन्त्य गर्न कडा कानुनी व्यवस्था र अझ कडा कार्यान्वयन चाहिन्छ । श्रमिक पठाउने कम्पनी, एजेन्ट र म्यानपावर हरूलाई अनुगमन गर्न सक्रिय संयन्त्र आवश्यक छ । ठगी, झुटा विज्ञापन वा प्रतिकूल देशमा पठाउनेजस्ता क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई कडा कारबाही गर्नुका साथै पीडित श्रमिकलाई तुरुन्त न्याय दिलाउने संयन्त्र निर्माण हुनुपर्छ । श्रम अदालतलाई प्रभावकारी बनाउने र सबै जिल्लामा श्रमिक सहायता केन्द्र स्थापना गर्ने कार्यक्रम अगाडि सार्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई लक्षित गर्दै पूर्वतयारी तालिम, भाषा प्रशिक्षण, वैदेशिक कानुन र श्रमिक अधिकारसम्बन्धी ज्ञान दिइनु आवश्यक छ । अधिकांश श्रमिकहरू भाषा, देशको संस्कृति, कानुनी अधिकार र कर्तव्यबारे अनभिज्ञ भएर जान्छन् । त्यसको फाइदा विदेशी रोजगारदाता र दलालहरूले उठाउँछन् । त्यसैले अनिवार्य रूपमा कम्तीमा १ हप्ता वा १० दिनको दक्षता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ, जसको जिम्मा सरकार वा सरकारी मान्यताप्राप्त संस्थाहरूले लिनुपर्छ । तालिम केन्द्रहरूमा आवश्यक गुणस्तर र निगरानी हुनुपर्छ ताकि तालिम नामकै लागि नहोस् ।

विदेशमा रहेका श्रमिकहरूको हित र सुरक्षा सुनिश्चित गर्न नेपाली दूतावास तथा श्रम कूटनीति सशक्त र सक्रिय हुनुपर्छ । कतिपय मुलुकहरूमा नेपाली दूतावासमा पर्याप्त जनशक्ति नहुनु, श्रमिकको गुनासो सुन्ने संयन्त्र नहुनु वा उदासीनता देखिनु सामान्यजस्तै भएको छ । दूतावासहरूले श्रमिकका समस्या समाधान गर्नेभन्दा बढी भोगचलन मात्र हेर्ने प्रवृत्ति त्याग्नुपर्छ । उनीहरूलाई आवश्यक कानुनी सहायता, उद्धार, अपांग वा मृत अवस्थामा सहयोगलगायतका कार्य तत्काल गम्भीरताका साथ गर्न सक्नुपर्छ । श्रमिक कल्याण कोषलाई पनि प्रभावकारी बनाउँदै हवाई टिकट, राहत, उपचार वा शिक्षा जस्ता क्षेत्रमा खर्च गर्ने रणनीति आवश्यक छ ।

वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप र अनुभवलाई सदुपयोग गर्ने नीति अझै निर्माण भइसकेको छैन । ठूलो संख्यामा फर्किएका कामदारहरू बेरोजगार हुने, फेरि विदेश फर्किन चाहने वा आत्मघाती निर्णय लिने अवस्थासम्म पुगेका उदाहरण प्रशस्त छन् । त्यसैले रिटर्नी श्रमिकका लागि व्यावसायिक योजना, सहुलियत ऋण, सीपमा आधारित रोजगार सिर्जना र मनोपरामर्श दिने कार्यलाई नीति तहमै सुदृढ बनाइनुपर्छ । उनीहरूको सीपलाई चिनेर त्यसअनुसार उद्योगमा जडान गर्ने वा कृषि, निर्माण, सेवा क्षेत्रजस्ता क्षेत्रमा परिचालन गर्नुपर्नेछ ।

भविष्यका लागि दीर्घकालीन रणनीति निर्माण गर्न वैदेशिक रोजगारसम्बन्धी स्पष्ट तथ्यांक र अनुसन्धान अपरिहार्य छन् । हालको श्रम आप्रवासन नीतिमा प्रस्टता, डेटा प्रणालीको एकरूपता, श्रमिकको पहुँच हुने सूचना प्रवाह आदि पक्षहरू कमजोर छन् । कति श्रमिक, कुन देशमा, कुन काममा, कति समयका लागि गएका छन् भन्ने आधिकारिक तथ्यांक अझै उपलब्ध छैन । यसले नीति निर्माण गर्न कठिन बनाएको छ । 'डेटा बेस्ड डिसिजन मेकिङ'को अभ्यास गर्दै, वैदेशिक रोजगारसम्बन्धी सबै पक्षहरूलाई समेट्ने स्पष्ट नीति आवश्यक छ ।

निष्कर्षमा, वैदेशिक रोजगारी आवश्यक हो तर त्यो अनियन्त्रित र पीडादायी हुनुहुँदैन । सरकारले श्रमिकलाई बाध्यकारी होइन, विकल्पको हैसियतमा वैदेशिक रोजगारी उपलब्ध गराउनुपर्छ । देशभित्र नै रोजगारी सिर्जना गर्दै, वैदेशिक रोजगारीमा जानेहरूलाई सक्षम, सुरक्षित र आत्मनिर्भर बनाउने योजनाहरू अविलम्ब लागु गर्न सकिए मात्र समृद्धिको यात्रामा वैदेशिक रोजगारीको योगदानलाई सही दिशा दिन सकिन्छ । यो विषय केवल श्रम मन्त्रालयको मात्रै होइन, समग्र राज्य संयन्त्रको प्राथमिकताको मुद्दा हो, जुन राष्ट्रिय स्वाभिमान, मानवअधिकार र आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको छ ।

## सामाजिक सञ्जाल



भीम रावल

अब प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक र सुविधा मन्त्रिपरिषद् आफैले तोक्न रे ! यो आजीवन पद र सत्तामा रहिरहन सबै प्रकारका हथकण्डा अपनाउने, संसदमा कानुन बनाउँदा जालसाजी गर्ने र भ्रष्टाचारबाट जोगिन गठबन्धन गर्ने र 'आफ्ना' लाई जोगाउने कुशासनको श्रृंखलामा थप धनस्वार्थ- कार्य हो ।



अनिल गिरी

अभागी समाजले नायक खोज्ने क्रम जारी रहेछ ! बाबुराम भट्टराईबाट सुरु भएर धुर्मुस सुन्तली हुँदै पुण्य गौतम, हर्के, गोपी, बालेन, रवि, कुलमान हुँदै पूर्व अधिराजकुमार हृदयन्द्रको पुगेछ नेपाली समाज ! ज्ञातव्य रहोस् हृदयन्द्र शाहको पछिल्लो भ्लगलाई रुवाबासी गर्नुपर्ने कुनै जरुरी देखिएन ।



सेतेमान तामाङ

राजामहाराजले राजदरबारको चिन्ता बढी गर्छ अनि जनतामाथि कठोर शासन लागू गर्छ, अराजकतावादी शासकले कुर्सीको बढी चिन्ता गर्छ र जनताको बिचमा भ्रम फैलाउँछ भने असल राजनेताले राष्ट्रको सार्वभौम रक्षा, नागरिकको अवस्था सुधार गर्न बढी चिन्ता गर्छ र राष्ट्र निर्माणको लागि संघर्ष गर्छ ।



केपी ढुंगाना

हृदयन्द्रले भ्लग बनाउँदा राजतन्त्र आउने भए पूर्णिका र कृतिकाले टिकटकमा नाचेको भिडियो राख्दा नै राजतन्त्र आउँथ्यो । त्यसैले दरबारका सदस्यहरू दरबारभित्रै नखुम्चिउन् । हृदचन्द्रले देश घुमुन्, अझै टन्न भ्लग बनाउन् । पूर्णिका र कृतिकाले नाच्न नलजाउन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

## कर्पोरेट

### मुक्तिनाथका ग्राहकलाई एमएन अस्पतालमा छुट




**काठमाडौं/मस–** मुक्तिनाथ विकास बैंक लिमिटेडका ग्राहकले काठमाडौं वसुन्धरामा रहेको एमएन अस्पतालको सेवामा विशेष छुट पाउने भएका छन् । बैंकले आफ्ना ग्राहकलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले अस्पतालसँग विशेष छुट गर्नेगरी व्यावसायिक सम्झौता गरेको हो।

सो सम्झौतापछि बैंकका ग्राहकले एमएन अस्पतालबाट प्रदान हुने विभिन्न सेवाहरूमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न भएका हुन् । सो प्रकारको सहकार्यबाट ग्राहकलाई गुणस्तरीय स्वास्थ्य सेवा सरल, सुलभ र किफायती रूपमा प्राप्त हुने विश्वास बैंकले लिएको छ।

बैंकले आगामी दिनमा पनि आफ्ना ग्राहकको हितमा यस्ता सेवामूलक साझेदार विस्तार गर्दै लैजाने प्रतिबद्धता जनाएको छ।

### एनएमबी बैंकद्वारा मानवसेवा आश्रमलाई सोलार सहयोग



**पोखरा/मस–** एनएमबी बैंकले गण्डकी प्रदेशको मानवसेवा आश्रमलाई सोलारजन्य सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १ हजार लिटरको सोलार तथा सामग्री आश्रमलाई प्रदान गरेको हो ।

बैंकका तर्फबाट संस्थापक सेयरधनी, प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतलगायतले आश्रमलाई सोलार सामग्री हस्तान्तरण गरेका थिए। बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा रहेका थिए ।

मन्त्री थापाले परोपकार कार्यमा सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले गरेको सो कार्य अत्यन्त राम्रो रहेको बताए । मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले संस्थालाई सम्झेर गरेको सहयोगप्रति बैंक परिवारलाई धन्यवाद दिएका थिए ।

### नेपाल बैंकका ग्राहकलाई अल्फा हेल्थ केयरमा छुट




**काठमाडौं/मस–** नेपाल बैंकका कर्मचारी र ग्राहकलाई काठमाडौंको नयाँ बानेश्वर स्थित अल्फा हेल्थ केयर एन्ड डायग्नोस्टिक सेन्टर प्रालिको सेवामा छुट हुने भएको छ । कर्मचारी र ग्राहकले स्वास्थ्य सेवामा लाग्ने शुल्कमा विशेष छुट पाउने सम्झौता भएको हो।

नेपाल बैंकमा कार्यरत कर्मचारी र ग्राहकलाई प्याथोलोजी ल्याबको विविध सेवाका लागि (निःशुल्क होम डेलिभरीको सुविधासहित) र औषधी खरिदमा लाग्ने शुल्कहरूमा बिल रकमको ७ प्रतिशतदेखि २० प्रतिशतसम्म छुट हुने सम्झौता गरिएको छ। सम्झौतामा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र अल्फा हेल्थ केयरका ल्याब निर्देशक डा. आभाष कोइरालाले हस्ताक्षर गरेका थिए।

### हिमालयन एभरेस्ट र डोकोले फोहोर व्यवस्थापनमा सहकार्य गर्ने



**काठमाडौं/मस–** हिमालयन एभरेस्ट इन्स्योरेन्सले फोहोर व्यवस्थापनमा नवीन प्रयास थालेको छ । इन्स्योरेन्स र डोको रिसाइक्लर्सले सहकार्य गर्दै प्रमुख कार्यालयको फोहोर डोको रिसाइक्लर्समार्फत सुरु गरेको हो।

डोको रिसाइक्लर्स एक वातावरणीय संस्थाका रूपमा फोहोर संकलन, वर्गीकरण र प्रशोधनको काम गर्छ । वातावरणमैत्री उद्यमका रूपमा आफूलाई स्थापित गर्ने लक्ष्यसहित सो कम्पनीले फोहोर व्यवस्थापनमा जोड दिएको छ। हिमालयन एभरेस्ट इन्स्योरेन्सकी प्रमुख कार्यकारी अधिकृत अन्जु श्रेष्ठले फोहोरलाई जिम्मेवार रूपमा व्यवस्थापन गर्ने उद्देश्य राखेर इन्स्योरेन्सले डोकोसँग सहकार्य गरेको बताइन् ।

हिमालयन एभरेस्ट इनस्योरेन्सबाट उत्पन्न करिब ८५ प्रतिशत फोहोरको हिस्सा सुक्खा प्रकारको भएकाले यसलाई डोकोले नै पुनः प्रयोगका लागि योग्य सामग्री बनाउने काम गर्छ। कार्यालयमा सकेसम्म कागजलाई कम प्रयोग गर्ने र डिजिटइजेसन प्रणालीमा रूपान्तरण गर्दै जाने कम्पनीको योजना छ।

#### सिडिएससीको सकारात्मक प्रयास

# संस्थापक र सर्वसाधारण सेयरको आइजिन भिन्नै बनाउने

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, १९ साउन

सिडिएस एण्ड क्लियरिङ लि.
CDS and Clearing Ltd.

काठमाडौं- सिडिएस एन्ड क्लियरिङ लिमिटेडले धितोपत्र बोर्डमा स्वीकृतिका लागि पठाएको 'धितोपत्र अभौतिकीकरण कार्य सञ्चालन निर्देशिका २०८२'मा संस्थापक र सर्वसाधारण सेयरलाई धितोपत्र पहिचान नम्बर (आइजिन) भिन्दाभिन्दै दिने प्रस्ताव गरिएको छ । बोर्डमा हाल छलफलका क्रममा भइरहेको सो प्रस्ताव स्वीकृत भएमा आगामी दिनमा सेयर बजारमा संस्थापक र सर्वसाधारण सेयरको कारोबार भिन्दाभिन्दै आइजिन नम्बरमार्फत हुनेछ ।

सिडिएससीको प्रस्तावित निर्देशिकाअनुसार प्राथमिक सेयर निष्कासन गरेपछि ती सेयर अभौतिकीकरण (विद्युतीकरण) गर्दा नै दुई भिन्दाभिन्दै आइजिन नम्बरमा दर्ता हुनुपर्नेछ। जसले संस्थापक र सर्वसाधारण सेयरलाई छुट्याउँछ । जसका लागि कम्पनीले सुरुमा नै आफ्नो प्रबन्धपत्र र नियमावलीमा ती दुई प्रकारका सेयरलाई छुट्याउनुपर्नेहुन्छ । सोहीअनुसार कम्पनीले विभाजन गरेअनुसार सेयर पनि डिम्याट हुनेछन् । साथै, सेयरलाई दुई आइजिनमा नछुट्याएसम्म आइपिओ समेत जारी गर्न नपाइने निर्देशिकामा प्रस्ताव गरिएको छ ।

'निर्देशिका लागू हुनुपूर्व संस्थापक र सर्वसाधारण समूहको धितोपत्रका लागि एउटै आइजिन दिई लकइन अवधिमा भएका धितोपत्रसमेतलाई निर्देशिका लागू भएपश्चात् फरकफरक आइजिन प्रदान गरिनेछ,' प्रस्तावित निर्देशिकामा भनिएको छ । तर, कम्पनीका लागि दुई आइजिन आवश्यक नपर्ने देखिएमा मर्जर गर्न सक्ने व्यवस्थासमेत निर्देशिकामा उल्लेख छ, त्यसका लागि भने निर्देशिकामा थप प्रक्रियाको व्यवस्था गरिएको छ ।

आइजिनसम्बन्धी नयाँ व्यवस्था लागू हुँदा संस्थापक र सर्वसाधारण सेयरको भिन्दाभिन्दै कारोबार हुने र लगानीकर्ता वा कारोबारीसमेत छुट्टिने अवस्था सिर्जना हुन्छ । तर, संस्थापक सेयरलाई सर्वसाधारण सेयरमा परिणत गरेर मनग्गे नाफा आर्जन गर्दै आएका व्यावसायीहरूले भने सिडिएससीको प्रस्तावित निर्देशिकाको विरोध गरेका छन् । विशेषगरी ऊर्जा क्षेत्रका लगानीकर्ताको संस्था (ईप्पान), चेम्बरलगायतका संस्थाले औपचारिक रूपमा नै सीडीएससीको प्रस्तावित निर्देशिकाको विरोध गरेका छन्।

छिमेकी मुलुक भारतलगायत कतिपय मुलुकमा संस्थापक र सर्वसाधारण सेयर छुट्याएर दोस्रो बजारमा सेयर कारोबारको अभ्यास हुँदै आएको छ । सोमबार मात्रै नेपाल सेयर बजार लगानीकर्ता संघले अर्थमन्त्रीलाई सामूहिक रूपमा भेटेर सिडिएससीको प्रस्तावलाई कार्यान्वयन गर्नुपर्ने सुझाव दिएको छ। संघले सो निर्देशिका लागू गर्दा बजार व्यवस्थित र पारदर्शी हुने जनाएको छ ।

सिडिएससीले आईजीएनसम्बन्धी ल्याएको नयाँ निर्देशिकाको मस्यौदामा भएको व्यवस्थालाई लिएर सम्बन्धित क्षेत्रका लगानीकर्ताबीचमा विभाजन आएको देखिन्छ । नेपाल धितोपत्र बोर्डमा छलफल क्रममा रहिरहेको सो प्रस्तावित निर्देशिका प्रस्ताव गरिएअनुसार नै कार्यान्वयनमा आएमा नेपालको सेयर बजार व्यवस्थित र पारदर्शी हुने जानकारहरूको भनाइ छ।

# एनसेलद्वारा भोल्टे रोमिङ सेवा सुरु




**काठमाडौं/मस–** भ्वाइस ओभर लङ टर्म इभोल्युसन (भोल्टे) अन्तर्राष्ट्रिय रोमिङ सेवा सुरु गर्ने एनसेल पहिलो नेपाली टेलिकम कम्पनी बनेको छ । यससँगै अब एनसेलका ग्राहकले विदेश यात्रा गर्दा पनि स्पष्ट सुनिने भ्वाइस कल र उच्च गतिको डाटा सेवा उपयोग गरी सधैं अन रहन सक्ने कम्पनीले जनाएको छ ।

एनसेलले पहिलादेखि नै विभिन्न देशबाट नेपाल आउने विदेशीहरूलाई इनबाउन्ड भोल्टे रोमिङ सेवा दिँदै आएको छ। कम्पनीले अब आफ्नो सेवा विस्तार गर्दै सोमबारबाट लागू हुनेगरी भारत जाने ग्राहकहरूका लागि एयरटेलसँगको साझेदारीमा आउटबाउन्ड भोल्टे रोमिङ सेवा पनि प्रदान गर्न थालेको हो ।

भोल्टे दूरसञ्चार क्षेत्रको एक नयाँ प्रविधि हो । यसले फोरजी नेटवर्कमार्फत अझ छिटो कनेक्ट हुने उच्च गुणस्तरीय आवाजसहितको एचडी कल सुविधा प्रदान गर्दछ । यो सेवा थपिँदा पहिला नै उत्कृष्ट रोमिङ अफरको फाइदा लिइरहेका एनसेलका ग्राहकहरूका लागि भारत रोमिङ अझै परिष्कृत भएको कम्पनीको भनाइ छ ।

एनसेलले भारतको जियो र भोडाफोन, अमेरिकाको एटी एन्ड टी, टी मोबाइल, र भरिजोन, जापानका सफ्टबैंक र एनटीटी डोकोमो, चीनको चाइना मोबाइल र चाइना युनिकम तथा क्यानडाको बेल र टेलसलगायतका प्रमुख अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग आउटबाउन्ड रोमिङ सेवा परीक्षण गरिरहेको जनाएको छ । साथै, इनबाउन्ड भोल्टे रोमिङका लागि एनसेलले एयरटेल र जियो (भारत), चाइना मोबाइल (चीन), ओरेडु (कुवेत), मोबिली (साउदी अरेबिया), एटी एन्ड टी (अमेरिका) र भियटेल (भियतनाम)का ग्राहकहरूलाई भोल्टे रोमिङ सेवा दिँदै आएको छ।


## Dodhara Chandani Municipality
## Office of the Municipal Executive
**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2082/04/20**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Irrigation Pipe & Motar Procurement work, Ward 09 & 10 and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for Procurement Work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at www.bolpatra.gov.np .
3. Bidding documents may bid from **www.bolpatra.gov.np only .**
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before **12.00 hr. noon** on **2082/05/19.**
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on **2082/05/19 and 14.00 hr**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below**, which shall be **valid for 30 days** beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.
   **Account Name. Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT & PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 02/IPPW/2082/083 | Irrigation Pipe & Motar Procurement work, Ward 09 | 25,79,093.48 | 80,000.00 | 3,000.00 |
| 03/IPPW/2082/083 | Irrigation Pipe & Motar Procurement work, Ward 10 | 30,18,088.11 | 1,00,000.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**